| २०७७ बैशाख १ देखि असोज १६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २०८ | **४०२** | **१०१** | **४४२** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ८९ | **३६७** | **१००** | **३२०** |
| **२०७७ असोज १६ देखि १७ गते बिहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** | **०** | **०** | **०** |

# दैनिक विपद् बुलेटिन

१६ असोज बिहान१०:००बजेदेखि १७ असोज बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी आज **२** स्थानमा **आगलागी, १** स्थानमा **सुख्खा पहिरो**का घटना घटेका छन् । आगलागीबाट **१ जना घाईते** भएको छ । यी घटनाबाट **१७ लाख १० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ३ | १ | १७,१०,००० | ० | ६ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३** वटा घट्ना भएका छन् ।
- **काठमाडौं**को कागेश्वरी मनोहरा नगरपालिका वडा नं ८ गोठाटारस्थित सिन्डोलमा अचानक **सुख्खा पहिरो** खस्दा एक गाईको गोठ पुरिई ६ वटा गाईको मृत्यु भई पिना २ बोरा, गहुको चोक्कर ५ बोरा, २२ बोरा मकैको पिठो क्षति, अर्को एक घरको गेट, पर्खाल, मोटरसाइकल र स्कुटरमा क्षति, अर्को एक व्यक्तिको पर्खाल क्षति हुँदा तिनै जनाको गरि **१२ लाख रुपैंया** बराबरको क्षति ।
- **मोरङ्ग**को लेटाङ्ग ९ स्थित एक घरमा खाना पकाउने क्रममा ग्याँस लिग भई **आगलागी** हुँदा **१ जना सामान्य घाईते र १० हजार रुपैंया** बराबरको क्षति ।
- **सिरहा**को कल्याणपुर नगरपालिका वडा नं ८ बडकी मझौवस्थित एक कुखुरा फर्ममा अचानक **आगलागी** हुँदा कुखुराको फर्म र केही कुखुरा जली **५ लाख रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागीमा परी घाईते भएकालाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज १७ गते (शनिबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश, र गण्डकी प्रदेशमा आन्शिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा र बाँकी प्रदेशका एक दुइ स्थानहरूमा हल्का बर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश १, प्रदेश २, बागमती र गण्डकी प्रदेशमा सामान्य बदली रही उक्त प्रदेशका थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश ५ र कर्णाली प्रदेशका एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज १८ गते (आईतबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानमा हल्का देखी मध्यम वर्षाको सम्भावना रहेको छ ।

**असोज १९ गते (सोमबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।


**राती :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आन्शिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**मौसम पूर्वानुमान सम्बन्धी थप जानकारीका लागि यो लिंकमा हेर्नुहोला।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind

## वर्षाको सारांश

असोज १६ गते बिहान ०८:४५ बजे देखि असोज १७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/१७ गते बिहान ०८:४५ बजे १७१ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः २९ र स्वचालितः १४२) मा मापन गरिएको वर्षाको विवरण अनुसार २६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (२३.०मि. मी.) सप्तरी जिल्लाको बर्मझिया केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।

## बाढी पूर्वानुमान

**असोज-१७(शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने र सतर्कता भन्दा तलै हुने, कोशी र यसका केही स-साना सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ।**
- **आज कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने, कन्काई र यसका केही सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, पाँचथर, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, खोटाङ, उदयपुर, सिरहा, महोत्तरी, धनुषा, दोलखा, कास्की, म्याग्दी, बागलुङ र आसपासका जिल्ला भई बहबे स-साना सहायक नदीमा बहाब केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**